जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २०८ २०७९ साल चैत ७ गते मंगलबार (21 Mar. 2023 Tuesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : पर्सा राष्ट्रिय निकुञ्ज पर्यटकीय.. ३ पृष्ठमा : उपराष्ट्रपति यादवद्वारा ... ३ पृष्ठमा :मध्य अफ्रिकी गणतन्त्रमा नौ ...

## स्ववियु निर्वाचनको २४ घण्टा बितिसक्दा पनि विवादका कारण सुरु हुन सकेन् मतगणना दिनभरी भित्र छलफल, बाहिर प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

मतदान सकिएको २४ घण्टा बितिसक्दा पनि विवादका कारण राजविराजस्थित महेन्द्र बिन्देश्वरी क्याम्पसको स्ववियु निर्वाचनको मतगणना सुरु हुन सकेको छैन् । आइतबार दिउँसो ४ बजे सम्पन्न निर्वाचनको सोमबार राती ९ बजेसम्म पनि मतगणना सुरु हुन सकेको थिएन् ।

अघिल्लो दिन आइतबार विद्यार्थी संगठनबीच एक आपसमा झडप र क्याम्पसमा भएको तोडफोड जस्ता घटना र तनावपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गरिएपनि मतगणनाको विषयलाई लिएर विद्यार्थी संगठनहरुको आ-आफ्नै अडानमै रहेका थिए ।

मतगणनाको विषयलाई लिएर बिहान ११ बजेदेखी प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की, क्याम्पस प्रमुख राजिव मिश्रा, निर्वाचन अधिकृत रामअशिष यादव, विभिन्न दल निकटको विद्यार्थी संगठनका प्रतिनिधिहरुले क्याम्पसमा बसी छलफल गरि सहमतिको प्रयास गरे पनि सफल हुन सकेको थिएन् ।

क्याम्पस प्रमुख मिश्राले बैठकमा सहमतिको निकै प्रयास गरिएपनि सफल हुन नसकेको बताए । बिहान ११ बजेदेखी सुरु भएको छलफल साँझ ७ बजेसम्म पनि निष्कर्षमा पुग्न नसकेको तथा चार दल निकटका विद्यार्थी संगठनका प्रतिनिधिले आन्तरिक छलफलका लागि भन्दै थप एक घण्टाको समय माग्दै निष्केको उनले सुनाए ।



भित्र बैठक चलिरहँदा बाहिर भने विद्यार्थीहरुको एउटा समूहले मतगणना अविलम्ब सुरु गर्न नाराबाजी गरिरहे भने अर्को समूहले निर्वाचन बदर गरि पुन: चुनाव गर्नुपर्ने माग गर्दै अबेर साँझसम्म नाराबाजी गरिरहे ।

नेपाली काँग्रेस निकटको नेबि संघ, एमाले निकटको अनेरास्वबियु, एकीकृत समाजवादी निकटको अनेरास्वबियु र जनमत पार्टी निकटको विद्यार्थी जनमत संघले आइतबार सम्पन्न निर्वाचनमा धाँधली भएको भन्दै पुन: निर्वाचनको माग गर्दै प्रदर्शनमा उत्रेका छन् ।

अघिल्लो दिन सम्पन्न निर्वाचनमा निर्वाचन समितिका पदाधिकारीहरुले समाजवादी विद्यार्थी युनियन, लोकतान्त्रिक विद्यार्थी संघ र अखिल क्रान्तिकारीको संयुक्त प्यानललाई जिताउने गरि एकपक्षिय रुपमा मतदानको समय तालिका मिलाएको चार विद्यार्थी संगठनको आरोप छ। उनीहरुले धाँधलीपूर्ण तरिकाले गराइएको निर्वाचन खारेजसँगै निर्वाचन अधिकृत रामअशिष यादवलाई जिम्मेवारीबाट हटाउन समेत माग गरेका छन् ।

समाजवादी विद्यार्थी युनियन र सो गठबन्धनमा रहेका संगठनका विद्यार्थी नेताहरुले भने निर्वाचनमा कुनै धाँधली नभएको दाबी गर्दै सम्पन्न निर्वाचनको मतगणना तत्काल सुरु गर्नुपर्ने अडान लिएका छन् ।

## सिटीबाट लडेर एक नाबालकसहित सवारी दुर्घटनामा ६ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

सप्तरीमा आइतबार र सोमबार भएको विभिन्न सवारी दुर्घटनामा एक नाबालसहित ६ जना घाइते भएका छन् ।

सोमबार दिउँसो राजबिराज ८ मदननगरस्थित सडक खण्डमा सिटि रिक्सा आफै अनियन्त्रित भई दुर्घटना हुँदा ८ महिने नाबालक लडेर घाइते भएका छन् ।

उत्तरबाट दक्षिण तर्फ आँउदै गरेको प्रदेश नं.१-०२-००३ह.३७१ नम्बरको सिटि रिक्शा आँफै अनियन्त्रित हुँदा रुपनी गाउँपालिका २ का राज कुमार अधिकारीको ८ महिने छोरा मोहित अधिकारी आमाको काँखबाट बाटोमा लड्दा टाँउको र नाकमा चोट लागेको प्रहरीले जनाएको छ ।

घाइते नाबालकको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भईरहेको तथा सिटि रिक्सा र चालक प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको बिष्णुपुर गाउँपालिका ७ स्थित राजबिराज सखडा सडक खण्डमा मोटरसाइकल ओभरटेक गर्ने क्रममा अनियन्त्रित हुँदा तीन जना घाइते भएका छन् ।

उत्तरबाट दक्षिणतर्फ जादै गरेको प्र.२-०१-००१ज.००३६ नम्बरको बिंगरलाई सोही दिशातर्फ जादै गरेको को.२९प.५०२१ नम्बरको मोटरसाइकल ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई दुर्घटना हुदा तीन जना घाइते भएको प्रहरीले जनाएको छ।

घाइते हुनेहरुमा मोटरसाइकल चालक छिन्नम्सता ७ हाटिका ३५ बर्षिय राजकुमार रजक, मोटरसाइकल पछाडी सवार बहीनी २३ वर्षीय रन्जना कुमारी रजक र ६ वर्षिया छोरा प्रतिक कुमार रजक छन् ।

घाईतहरुको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भईरहेको र उक्त दुर्घटना बारे थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जल्लाको छिन्नमस्ता गाउँपालिका १ बरहि बिरपुरमा साइकलको ठक्करबाट एक बालक घाइते भएका छन् । स्थानिय दिपक कुमार रायका ९ वर्षिय छोरा आनन्द कुमार राय घाइते भएका हुन् ।

स्थानिय ११ वर्षिय संतोष कुमार रायले चलाउदै गरेको साईकलले ठक्कर दिँदा आनन्दको बाया खुट्टा भाँचेको प्रहरीले जनाएको छ । घाइते आनन्दको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचार भइरहेको छ ।

यस्तै जिल्लाको अग्निसाईर कृष्णसवरण गाउँपालिका ४ बिशाल चोकस्थित पुर्व पश्चिम राजमार्गमा पुर्वबाट पश्चिमतर्फ जादै गरेको स.१च.१२९९ नम्बरको पिकपले साईकल यात्रीलाई ठक्कर दिएको छ ।

सो ठक्करबाट साईकल यात्री स्थानिय प्रसबनि टोल निवासी ४० बर्षिय राजन सरदारको टाउकोमा चोट लागेकोले स्थानिय अहिर अस्पताल जण्डोलमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## रासायनिक मलमा दिँदै आएको अनुदान यथावत् राख्ने सरकारको निर्णय

काठमाडौँ, ६ चैत (रासस) ।

सरकारले कृषि तथा पशुपक्षी विकास मन्त्रालयको विषयगत समितिले गरेको निर्णय रोक्दै रासायनिक मलमा दिँदै आएको अनुदान यथावत् राख्ने निर्णय गरेको छ ।

सोमबार बिहान प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले रासायनिक मलमा दिँदै आएको अनुदान कटौती नगरी यथावत् राख्ने निर्णय गरेको हो ।

बैठकले रासायनिक मलमा दिँदै आएको अनुदानबारे विस्तृत अध्ययनपछि आवश्यक निर्णय गरी आगामी दिनमा थप व्यवस्थित र वैज्ञानिक बनाउने निर्णयसमेत गरेको सरकारका प्रवक्ता एवं सञ्चार, तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । यसअघि कृषि तथा पशुपक्षी विकास मन्त्रालयको मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले रासायनिक मलमा दिँदै आएको अनुदान कटौती गर्ने निर्णय गरेको थियो । सोमबारको मन्त्रिपरिषद् बैठकपछि रासायनिक मलको अनुदान र मूल्यसमेत यथावत रहने भएको छ ।

## मोटरसाइकलको ठक्करबाट साइकल यात्रीको मृत्यु, दुई जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

सप्तरीको खडक नगरपालिका ८ भदियास्थित बिसनपुर बोदेबर्साईन सडक खण्डमा मोटरसाइकलले साइकललाई ठक्कर दिदा साइकल यात्रीको मृत्यु भएको छ । सो दुर्घटनामा मोटरसाइकलमा सवार दुई जना घाइते भएका छन् ।

मृतयु हुनेमा स्थानिय खेस्राहा निवासी ५५ वर्षिय साइकल यात्री मो. ईब्राहिम मियाँ रहेका छन् । बोदेबरसाईनबाट बिसनपुरतर्फ आउदै गरेको स.१०प.३५२४ नम्बरको मोटरसाइकलले सोही दिशातर्फ आउदै गरेको साईकललाई पछाडीबाट ठक्कर दिएको प्रहरीले जनाएको छ ।

सो दुर्घटनामा मोटरसाइकल चालक वडा नं. ७ कल्याणपुर निवासी १९ वर्षिय अफ्रोज मियाँ र मोटरसाइकल पछाडी सवार स्थानिय २० वर्षिय मो. सनाबुल घाइते भएका छन् ।

घाइते दुबै जनाको युनिक अस्पताल रुपनी सप्तरीमा उपचार भईरहेको छ भने सामान्य उपचार पश्चात थप उपचारको लागी बिराटनगरतर्फ लादै गर्दा साईकल यात्री मो. ईब्राहिम मियाँको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### महिलाहरुले अब आफ्ना लागि पनि उठ्नै पर्ने आवश्यकता

हाम्रो समाजमा महिलाहरुसँग श्रोत न्यून रहेको छ, जसका कारणले उनीहरुको पहुँच सत्तासम्म पुग्न सकिरहेको छैन । विगतका चुनावमा महिलाहरुको पद आरक्षित भएकै कारण महिलाहरु चुनावमा जित्न सकेका हुन् । धेरै लामो समयदेखि महिलाको सत्तामा समान साझेदारी हुन पाउनु पर्छ भन्ने बहस, पैरवी र आन्दोलनहरु नभएका होइनन् । जसको फलस्वरुप गणतन्त्र स्थापना भए पश्चात् विभिन्न तहहरुमा महिलाका लागि भने केही पदहरु छुट्याइएका छन् ।

यसरी संविधानले बाध्यात्मक स्थिति ल्याएकाले महिलाहरुको पहुँच केही हदसम्म सत्तामा देखिएको छ । तर, अहिले पनि स्थानीय तहका प्रमुख पदहरुमा पुरुष कै हालीमुहाली कायम नै छ । नगरपालिका र गाउँपालिकाका प्रमुख वा अध्यक्ष पदमा महिलाको उपस्थिति न्यूनै देख्न सकिन्छ । राजनीतिक पार्टीहरुले प्रमुख पदहरुमा महिलाहरुलाई टिकट दिन अहिले पनि हिच्किचाइ रहेका छन् ।

महिलाको प्रतिभा प्रतिबद्धता र लगनशीलता माथि अहिले पनि राजनितिक दलहरुले विश्वास गर्न सकेका छैन । राजनीतिक दलमा लागेका महिलाहरुले पनि आफूलाई प्रमुख पदका लागि टिकट दिइनुपर्छ भन्ने लबिङ्ग नै गर्न जरुरी देखिन्छ । तसर्थ अरुको लागि भऱ्याङ्ग मात्र बनि दिने महिलाहरुले अब आफ्ना लागि पनि उठ्नै पर्ने आवश्यकता रहेको छ ।

# पर्सा राष्ट्रिय निकुन्ज पर्यटकीय आकर्षणको केन्द्र

**राजु विश्वकर्मा**
वीरगञ्ज, ६ चैत (रासस) ।

पछिल्लो समय पर्सा राष्ट्रिय निकुञ्ज पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै गएको छ । नेपालमा पाइने रैथाने हात्तीको प्रमुख बासस्थान मानिएको सो निकुञ्ज पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ ।

पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले यसलाई २०७४ सालमा नेपालको १२औं निकुञ्जका रुपमा घोषणा गरिएको थियो । पर्सासहित बारा र मकवानपुर गरी तीन जिल्लासँग जोडिएको सो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकका लागि खुला गरिएको छ ।

प्राकृतिक सुन्दरतासँगै वन्यजन्तुको गर्न सकिने जैविक विविधताको धनी मानिएको सो निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटक आउनेक्रम बढ्केो निकुञ्ज प्रशासनले जनाएको छ । “विगतको भन्दा अहिले निकुञ्जमा आन्तरिक तथा छिमेकी मुलुक भारतका पर्यटक बढेका छन्”, निकुञ्जका सूचना अधिकारी सूर्य खड्काले भन्नुभयो, “बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने गरेका छन् ।”

उहाँका अनुसार चालु आर्थिक वर्ष २०७९/८० को आठ महिनाको अवधिमा एक सय ४० पर्यटक निकुञ्जमा भ्रमण गरेका छन् । निकुञ्ज प्रवेश गर्ने तीन मार्गमध्ये मुख्यद्वार आधाभारबाट ५५ नेपाली र १२ बाह्य गरी ७७ पर्यटक भित्रिएको सूचना अधिकारी खड्काले जानकारी दिनुभयो । यस्तै गढुवालाइन प्रवेशद्वारबाट १० नेपाली र प्रतापपुरबाट ४२ नेपाली तथा आठ बाह्य गरी ५० पर्यटक निकुञ्ज घुम्न आएको निकुञ्ज प्रशासनले जनाएको छ ।

गत आव २०७८/७९ मा नेपाली र विदेशी गरी सात सय ७७ पर्यटकले निकुञ्जमा अवलोकन भ्रमण गरेका थिए । सूचना अधिकारी खड्काका अनुसार आव २०७८/७९ मा सात सय ६९ नेपाली र आठ विदेशी पर्यटक निकुञ्ज भित्रिएका थिए ।


सो आवमा बनक्षेत्र, प्रशासनिक, दण्ड जरिवाना, पर्यटकलगायतका शीर्षकबाट रु ८८ लाख ४६ हजार छ सय ७९ राजस्व सङ्कलन भएको जनाएको छ । निकुञ्जभित्र ऐतिहासिक तथा प्राचीन माया मन्दिर, दुग्धेश्वर महादेव मन्दिर जस्ता धार्मिकस्थल छन् भने कामिनी दह, हलखोरिया दह र लौकी दहलगायत प्राकृतिक तथा मनोरम दह पर्यटकका प्रमुख आकर्षणका केन्द्र बनेका छन् । यसका साथै निकुञ्जभित्रको दुर्लभ वन्यजन्तु र चराचुरुङ्गीको बाक्लो उपस्थितिले पर्यटकलाई लोभ्याइ रहन्छ ।

निकुञ्जमा दुर्लभ वन्यजन्तु पाटे बाघ, रैथाने हात्ती, एकसिङ्गे गैंडा, भालु, रतुवा मृग, चित्तल, जरायो, बँदेल, नील गाई, गौरीगाईलगायतका जनावर छन् । विगतमा पानीको मुख्य समस्या देखिएको निकुञ्जभित्र सहज उपलब्धतासँगै पाटे बाघसहितका वनजन्तुको सङ्ख्यासमेत वृद्धि भएको छ । निकुञ्जले हालै गरेको सन् २०२२ को बाघ गणनाअनुसार निकुञ्जमा पाटे बाघको सङ्ख्या ४१ पुगेको छ ।

अहिले निकुञ्जभित्र एक सय ६३ गौरीगाई, ४० देखि ५० हात्ती र आठदेखि १० को सङ्ख्यामा एकसिङ्गे गैंडा रहे पनि तथ्याङ्कमा तीन गैंडा मात्रै उल्लेख भएको निकुञ्जका प्रमुख अशोककुमार रामले जानकारी दिनुभयो । निकुञ्जले निर्माण गरेको कृत्रिम पोखरीमा पानीको सहज उपलब्धताका कारण पछिल्लो समय वन्यजन्तुको सङ्ख्या बढेको प्रमुख रामले बताउनुभयो ।

कूल छ सय २७ दशमलव ३९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको सो निकुञ्जभित्र दुर्लभ पाटे बाघ, भालु, गैंडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाई जस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार

बाँकी तीन पृष्ठमा


राजविराज नगरपालिका
३ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०
चलानी नं. ३०८
मिति २०७९।१२।०६

विषय : सूचना सूचना सूचना

३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड न ३ बस्ने गोविन्द प्रसाद दाहालले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७९।१२।०६ मा द.न.३२३ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

जि.स.रा.वि.न.पा. वाडा.नं ४ हाल ३ बस्ने कमला देवी दाहाल नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ | ३०१ | ०-१-० |

अनिल कुमार दास
वडा अध्यक्ष
अनिल कुमार दास
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं. ३


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


# दशबुँदे घोषणापत्र जारी गर्दै नेपाल-भारत साहित्य महोत्सव सम्पन्न

विराटनगर, ६ चैत (रासस) ।

दशबुँदे विराटनगर घोषणापत्र जारी गर्दै तीनदिने नेपाल-भारत साहित्य महोत्सव सम्पन्न भएको छ ।

विराटनगर महानगरपालिका र भारतको मेरठस्थित क्रान्तिधरा साहित्य अकादमीको संयुक्त आयोजनामा विराटनगरमा जारी महोत्सव आइतबार औपचारिकरुपमा सम्पन्न भएको हो । नेपाली साहित्य पुस्तक हिन्दीमा र हिन्दी साहित्यका पुस्तकलाई नेपालीमा अनुवाद गरी दुवै देशको साहित्यलाई एक-अर्को देशमा प्रवर्द्धन गर्नेसहित १० बुँदे घोषणापत्र जारी गर्दै महोत्सव सम्पन्न भएको छ ।

त्यस्तै महाभारतकालीन राजा विराटको दरबारलाई महाभारत सर्किटसित जोड्ने विषयमा पुरातात्विक विभाग र इतिहासकारसित समन्वय गरेर थप अध्ययन अनुसन्धान गर्ने जारी घोषणापत्रमा उल्लेख छ ।

आगामी महोत्सवमा दुवै देशका विश्वविद्यालय, कलेज र विद्यालयमा अध्ययन गर्ने युवा स्रष्टालाई बढीभन्दा बढी सहभागी गराइने, वार्षिक साहित्य महोत्सवबाहेक अन्य वर्षौंभरि दुवै देशमा विभिन्न साहित्यिक कार्यक्रम आयोजना गर्ने र एक-अर्का देशमा आमन्त्रण गर्ने, युवा साहित्यकारलाई प्रोत्साहित गर्नेलगायत घोषणपत्रमा उल्लेख छ ।

विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले साहित्य महोत्सवको समापन गर्दै भाषा, साहित्य, कला र संस्कृतिका माध्यमबाट दुई देशबीचको सम्बन्ध बलियो बनाउन भूमिका खेल्ने बताउनुभयो । उहाँले आफू महानगरको नेतृत्वमा आएदेखि नै साहित्य महोत्सव गर्ने योजना बनाएको सुनाउनुभयो ।

आगामी दिनमा थप व्यवस्थित र वृहत कार्यक्रम गर्ने उहाँको भनाइ थियो । “भौतिक विकासलाई मात्रै हामीले विकासका रुपमा लिने गरेका छौँ”, प्रमुख कोइरालाले भन्नुभयो,

बाँकी तीन पृष्ठमा

# उपराष्ट्रपति यादवद्वारा पदबहाली



काठमाडौं, ६ चैत (रासस) ।
उपराष्ट्रपति रामसहायप्रसाद यादवले लैनचौरस्थित कार्यालयमा पदबहाली गर्नुभएको छ ।
राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार पद तथा गोपनीयताको शपथ लिएलगत्तै उपराष्ट्रपति यादवले उपराष्ट्रपतिको कार्यालय हरितगृह, लैनचौर पुगेर पदबहाली गर्नुभएको हो । उपराष्ट्रपतिले पदबहाली गरेर औपचारिकरुपमा जिम्मेवारी सम्हाल्नुभएको उपराष्ट्रपति कार्यालयका सूचना अधिकारी (उपसचिव) प्रविण पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार पदबहालीपछि उपराष्ट्रपतिलाई कार्यालयकोतर्फबाट सचिव टेकनारायण पाण्डेले 'ब्रिफिङ' गर्नुभएको थियो । उपराष्ट्रपति यादवले पदबहालीपछि कार्यालय परिसरमा वृक्षारोपणसमेत गर्नुभएको थियो । यादव यही चैत ३ मा मुलुकको तेस्रो उपराष्ट्रपति पदमा निर्वाचित हुनुभएको थियो ।

**को हुन् उपराष्ट्रपति यादव**

स्वच्छ तथा इमान्दार राजनीतिज्ञको छवि बनाउनुभएका उपराष्ट्रपति यादव यसअघि जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता एवं पूर्वमन्त्रीसमेत हुनुहुन्थ्यो ।

यादवको जन्म विसं २०१७ साउन ९ गते बुवा स्व प्रसाद राय यादव र आमा स्व सिहवादेवी यादवका कान्छो छोराका रूपमा बाराको कचोर्वा-८ बसवरियामा भएको हो । उहाँका दुई दाजुभाइ तथा तीन दिदीबहिनी हुनुहुन्छ । साथै श्रीमती, दुई छोरा र एक छोरी हुनुहुन्छ ।

उहाँ विसं २०७२ मा मधेसी जनाधिकार फोरम नेपाल र सङ्घीय समाजवादी पार्टी नेपाल एकीकरण भई गठन भएको सङ्घीय समाजवादी फोरम नेपालको महासचिव हुनुभएको थियो । यादव गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा बारा क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको हो । उहाँ यसअघि २०७४ सालमा पनि बारा-२ बाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो ।

भारतको सीतामढी कलेजबाट विज्ञान विषयमा स्नातक र ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जबाट शिक्षा सङ्कायमा स्नातक अध्ययन गर्नुभएका यादवको प्राथमिक शिक्षा आफ्नै गाउँको नेपाल राष्ट्रिय प्राथमिक विद्यालय बसवरियाबाट सुरु भएको थियो ।

नेपाल सद्भावना पार्टीबाट राजनीति सुरु गर्नुभएका उहाँ उच्च शिक्षा लिइ भारतको सीतामढीबाट बिएससी अध्ययन गरी फर्किँदा नेपालमा २०४६ सालको आन्दोलन सुरु भइसकेको थियो । उक्त समयमा तराई मधेसका मुद्दामा नेपाल सद्भावना पार्टीले काम गरिरहेको विषय जानकारी पाएपछि उहाँ २०४७ सालमा सद्भावना पार्टीमा प्रवेश गर्नुभएको हो ।

यादव २०५९ सालमा मधेसी जनाधिकार फोरममा आबद्ध हुनुभएको हो । त्यसपछि उहाँ २०६४ सालमा पहिलो संविधानसभामा समानुपातिक तर्फबाट सदस्य हुनुभएको थियो भने विसं २०६५ मा उहाँ पार्टी महासचिव हुनुभयो ।

उहाँ विसं २०७६ मा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण भई गठित जनता समाजवादी पार्टी नेपालको कार्यकारिणी समिति सदस्य हुनुभएको थियो । विसं २०७८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा वन तथा वातावरणमन्त्री हुनुभएको थियो ।

## पर्सा राष्ट्रिय ...

सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतलीको बासस्थान छ ।

निकुञ्ज घुम्न आउने पर्यटकको अवलोकन र घुमफिरका लागि निकुञ्जको जङ्गलभित्र एक दर्जन दृश्यावलोकन स्तम्भसमेत बनाइएको छ । यसैगरी पर्यटकलाई जङ्गल सफारी गर्न निकुञ्जको हात्तीसारमा एक दर्जन हात्ती राखिएका छन् । हात्तीमा जङ्गल सफारी गर्न नचाहने पर्यटकले आफ्नो निजी सवारीसाधनमा जङ्गल सफारी गर्नसक्ने व्यवस्थासमेत मिलाइएको प्रमुख रामको भनाइ छ ।

निकुञ्जभित्र आउने विदेशी पर्यटकका लागि प्रवेश शुल्क प्रतिव्यक्ति रु एक हजार र हात्ती चढेको रु छ सय ५० तोकिएको छ भने नेपाली पर्यटकका लागि प्रतिव्यक्ति प्रवेश शुल्क रु ५० र हात्ती चढेमा रु छ सय ५० तोकिएको छ । निकुञ्जलाई मधेस प्रदेशकै पर्यटकीय गन्तव्य बनाउन निकुञ्ज कार्यालयले पर्यटकका लागि आवश्यक भौतिक पूर्वाधारको निर्माणसँगै निकुञ्जको प्रचारप्रसारलाई समेत प्राथमिकतामा राखेको जनाएको छ ।

निकुञ्जको भ्रमणमा आउने पाहुनाको स्वागतका लागि मध्यवर्ती क्षेत्रमा सुनाखरी मध्यवर्ती सामुदायिक होमस्टेसमेत सञ्चालन गरिएको छ । त्यसले यहाँ आउने पाहुनालाई मिठो आतिथ्यतासँगै स्वादिलो भोजन र गीतसङ्गीतले मनोरञ्जन प्रदान गर्ने गरेको छ ।

## दशबुँदे घोषणापत्र ...

"भौतिकसँगै भाषा, साहित्य, कला र संस्कृतिको पनि विकास हुनुपर्छ । त्यसो भयो भने मात्रै समृद्धि र संस्कारयुक्त समाज निर्माण हुन्छ ।"

नेपालका ७ वटै प्रदेशसहित भारतका सबै राज्यबाट प्रतिनिधिमूलक तीन सय ५० भन्दा बढी साहित्यकारको सहभागिता रहेको थियो । महोत्सवमा कृति विमोचन, विभिन्न विषयमा बहस, अनुवाद साहित्यमाथि विमर्श, बहुभाषी गजल, मुक्तक, चारु, लघुकथा र कविगोष्ठीसमेत भएको थियो ।

महोत्सवमा दुई सय ५० भन्दा बढीले सिर्जना वाचन गरेका थिए । अग्रज साहित्यकार विवश पोखरेलको अध्यक्षतामा भएको समापन कार्यक्रममा वरिष्ठ साहित्यकार दधिराज सुवेदी, मेरठ अकादमीका अध्यक्ष डा विजय पण्डित, चेतना संरक्षण प्रतिष्ठानकी अध्यक्ष गङ्गा सुवेदी, वरिष्ठ साहित्यकार डा घनश्याम न्यौपाने परिश्रमी, पोखराका साहित्यकार बलराम उपाध्याय रेग्मी, भानु कला केन्द्रकी अध्यक्ष माया पौडेल, कार्यक्रम संयोजक देवी पन्थी, चन्द्रागिरि साहित्य प्रतिष्ठान काठमाडौं अध्यक्ष जनार्दन अधिकारी धड्कन, साहित्यकारसमेत रहेका महानगर प्रमुखका प्रेस सल्लाहकार मीनकुमार नवोदित, सार्क कल्चरल सोसाइटी नेपालका अध्यक्ष राजेन्द्र गुरागाई, कवि गोकुल अधिकारीलगायतले भौगोलिक सीमाले नेपाल र भारतलाई विभाजित गरे पनि कला, साहित्य र संस्कृतिले जोडेको बताउनुभएको थियो । उहाँहरूले विराटनगर महानगरले भाषा, साहित्य, कला र संस्कृतिलाई महत्व दिएको भन्दै प्रशंसासमेत गर्नुभएको थियो ।

**राजबिराज नगरपालिका**
**१ नं.वडा कार्यालय**
**राजबिराज,सप्तरी**
**मधेश प्रदेश,नेपाल**

प.स. २०७९/०८०
च.नं. १२५५

मिती :- २०७९/१२/०६

विषयः - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.१० हाल १ बस्ने मो. हबिब ............तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०७९/१२/०६ गते मा द.नं१२५८ को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ........दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं१०हाल१बस्ने श्री मो. [illegible] नाउ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स./नपा | वडा नं | कि.नं. | क्षेत्रफल |
| --- | --- | --- | --- | --- |
| सप्तरी | [illegible] | ५ | १६७६ | ०-१-२½ |
| ” | ” ” | ५ | १८४९ | ०-१-६ |
| ” | ” ” | ५ | १८१० | ०-१-६½ |
| ” | ” ” | ५ | १५२२ | ०-१-४ |
| ” | ” ” | ५ | १८०६ | ०-०-५ |
| ” | ” ” | ५ | १८२८ | ०-०-१ |
| ” | किता - | ७ | ४२८ | ०-०-६ |

[illegible signature]
२०७९/१२/०६
चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.१

## विश्व समाचार

### मध्य अफ्रिकी गणतन्त्रमा नौ जना चिनियाँ नागरिकको हत्या

बाम्बारी, सेन्ट्रल अफ्रिकन रिपब्लिक, ६ चैत (रासस/एएफपी) ।
मध्य अफ्रिकी गणतन्त्रमा 'सशस्त्र व्यक्तिहरू'ले आक्रमण गरी नौ जना चिनियाँ कामदारको हत्या गरिएको छ । आक्रमणको निन्दा गर्दै चिनियाँ राष्ट्रपति सी जिनपिङले दोषीलाई कडा भन्दा कडा कारबाही गर्न माग गर्नुभएको छ । मध्य शहरका मेयर एबेल स्याचिपाटाले बाम्बारी नजिकै बिहान ५ :०० बजे 'सशस्त्र व्यक्तिहरू'ले विदेशी कामदारमाथि आक्रमण गरेको पुष्टि गर्नुभएको छ । उहाँले एएफपीसँग कुरा गर्दै भन्नुभयो, "आक्रमणका कारण 'नौ जनाको मृत्यु भएको र र दुई जना घाइते भएको' र मृतकहरू आफ्नो शहरबाट २५ किलोमिटर टाढा गोल्ड कोस्ट ग्रुपले सञ्चालन गरेको खानीमा चिनियाँ कामदार रहेको बताउनुभयो ।

चीनको विदेश मन्त्रालयले मृतकको सङ्ख्या पुष्टि गरेको छ । सीले मध्य अफ्रिकी गणतन्त्रका अधिकारीहरूलाई हत्यामा संलग्नहरुलाई 'कडा सजाय' दिन आग्रह गर्नुभएको पनि मन्त्रालयले जनाएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "राष्ट्रपति सीले घाइतेको उपचार गर्न, घटनाको समयमा नै व्यवस्थापन गर्न, दोषीलाई कानूनबमोजिम कडा सजाय दिन र चिनियाँ नागरिकको सुरक्षा सुनिश्चित गर्न हरसम्भव प्रयास गर्न आदेश दिनुभएको छ ।" स्थानीय अधिकारीहरूले आक्रमणको थप विवरण सार्वजनिक गरेका छैनन् र यसको जिम्मेवारी पनि लिएका छैनन् । एएफपीका एक पत्रकारका अनुसार चिनियाँ राजदूत ली किन्फेङ र मध्य अफ्रिकी गणतन्त्रका विदेशमन्त्री सिल्भी बाइपो टेमोनको पहलमा मृतकको शव राजधानी बान्गुईस्थित एक अस्पतालमा लगिएको छ ।

### जमिनमा तेल चुहिएपछि कुवेतको तेल कम्पनीद्वारा आपतकालीन अवस्थाको घोषणा

कुवेत सिटी, ६ चैत (रासस/एएफपी) ।
जमिनमा तेल चुहिएपछि कुवेत आयल कम्पनीले सोमबार 'आपतकालीन अवस्था' को घोषणा गरेको छ ।कुवेती सञ्चार माध्यमले सार्वजनिक गरेको भिडियोमा तेलको ठूलो मात्राले पेट्रोलियम पदार्थ बग्दा बज्दै गरेको पाइप घेरिएको देखिएपछि सरकारी स्वामित्वको कम्पनीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "देशको पश्चिमी भागमा तेल चुहिएपछि आपतकालीन अवस्था घोषणा गरिएको छ ।"

कम्पनीका प्रवक्ता कुसाई अल-आमेरले भन्नुभयो, "यो चुहावट जमिनमा भएको भएपनि आवासीय क्षेत्रमा नभएकोले चुहावटका कारण कुनै चोटपटक लागेको छैन र उत्पादनमा पनि कुनै असर परेको छैन ।"चुहावटको स्रोत पत्ता लगाउन र घटनालाई नियन्त्रण गर्न टोलीहरू पठाइएको छ तर अहिलेसम्म चुहावट कहाँबाट भएको भन्नेबारे थाहा भइनसकेको अल-अमेरले बताउनुभयो ।

कुवेतको अल राई अखबारले ट्वीटरमा एउटा भिडियो सार्वजनिक गरेको छ जसमा एउटा पाइपबाट बाँधो जमिनमा ठूलो परिमाणमा तेल चुहेको देखिएको छ । यद्यपि एएफपीका सम्वाददाताले यो फुटेजलाई स्वतन्त्र रुपमा पुष्टि गर्न नसकिएको बताएका छन् । कुवेत एक प्रमुख तेल उत्पादक देश हो जहाँ सरकारले करिब ९० प्रतिशत राजस्व तेलबाट आर्जन गर्छ । पेट्रोलियम निर्यातक देशहरूको संगठन (ओपेक) को प्रमुख सदस्य राष्ट्रमध्ये एक कुवेतले हाल प्रति दिन लगभग २७ लाख ब्यारेल कच्चा तेल उत्पादन गरिरहेको छ ।कुवेत आयल कम्पनीले यसअघि सन् २०२० र २०१६ मा आफ्नो क्षेत्रमा तेल चुहावट भएको जानकारी दिएको थियो । सन् २०१७ मा पनि केही दिनको अन्तरालमा किनारमा दुई वटा चुवावटका घटना भएको कुवेती अधिकारीले बताएका छन् ।

### इरान र पाकिस्तानबाट दुई हजारभन्दा बढी अफगानी शरणार्थी स्वदेश फिर्ता

काबुल, ६ चैत (रासस/एएफपी) ।
तालिबानद्वारा नियुक्त शरणार्थी तथा स्वदेश फिर्ती विभागले शनिबार ट्वीटरदैं इरानबाट एक हजार ८५१ जना र पाकिस्तानबाट ३३१ जना अन्य शरणार्थी स्पिन बोल्डक र इस्लामकला नाका हुँदै स्वदेश फर्केको जानकारी दिएको छ ।विभागका अनुसार ३३१ शरणार्थीमध्ये ७० जना इस्लामाबादस्थित अफगान दूतावासको मध्यस्थतापछि पाकिस्तानी जेलबाट छुटेका अफगानी नागरिक रहेका छन् । यसअघि पाकिस्तानी जेलमा रहेका २६ जना अफगानी बन्दीलाई रिहा गरिएको खामा प्रेसले जनाएको छ । ती बन्दीहरूलाई पाकिस्तानको जेलबाट स्पिन बोल्डक सीमा नाका हुँदै ल्याइएको थियो । अफगानिस्तानको शरणार्थी तथा प्रत्यावर्तन विभागले बुधवार सिन्धमा बसोबाससम्बन्धी कागजातको अभावमा महिला र बालबालिकालाई जेलमा राखिएको जनाएको छ । रिहा भएका बन्दीहरूमध्ये उनीहरू पनि एक थिए । खामा प्रेसका अनुसार विगत केही महिनायता महिला र बालबालिकासहित सयौं कागजातविहीन अफगानी नागरिक कराँची र सिन्धलगायत पाकिस्तानका जेलमा थुनिएका छन् ।

विशेषगरी पाकिस्तान मानव अधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकायले पाकिस्तान सरकारलाई अफगानी नागरिकसँग सभ्य व्यवहार गर्न आग्रह गरेको खामा प्रेसले जनाएको छ ।यसबाहेक पनि, पछिल्लो महिनाहरूमा ठूलो सङ्ख्यामा अफगान आप्रवासीहरू इरान र पाकिस्तानबाट अफगानिस्तान फर्केका छन् । यी शरणार्थीहरूमध्ये केहीले स्वेच्छाले घर फर्कन रोजेका छन् भने केहीलाई उनीहरूले आश्रय लिएको देश छोड्न बाध्य पारिएको छ । सन् २०२१ को अगष्टमा तालिबान सत्तामा फर्किएपछि हजारौं अफगानीहरू उत्पीडन र ज्यान मार्ने धम्कीको डरले अफगानिस्तानबाट भागेर छिमेकी देशहरूमा गएका थिए । तीमध्ये अधिकांश गैरकानुनी माध्यमबाट छिमेकी देशहरूमा प्रवेश गरेका थिए र उनीहरूले अहिले जबर्जस्ती निर्वासन र कैद जस्ता गम्भीर समस्याहरूको सामना गरिरहेका छन् ।

# जसपाद्वारा उपराष्ट्रपति यादवको राजीनामा स्वीकृत

काठमाडौँ, ६ चैत (रासस) ।
नवनिर्वाचित उपराष्ट्रपति रामसहायप्रसाद यादवले जनता समाजवादी पार्टी (जसपा) बाट दिनुभएको राजीनामा स्वीकृत भएको छ ।
जसपाका कार्यकारिणी सदस्य रहनुभएका यादवले यही चैत ३ गतेदेखि लागू हुनेगरी पार्टीको साधारण सदस्यसमेत नरहने गरी पदबाट राजीनामा दिनुभएको थियो ।
जसपाका अध्यक्ष उपेन्द्र यादवले सोमबार उहाँको राजीनामा स्वीकृत गरेको सो पार्टीका प्रवक्ता मनिष सुमनले जानकारी दिनुभयो । चैत ३ गते उपराष्ट्रपतिमा निर्वाचित हुनुभएका यादवले सोमबार उपराष्ट्रपतिको पद तथा गोपनीयताको शपथसमेत लिनुभएको छ ।

# स्ववियु निर्वाचन सम्पन्न गर्न निर्देशन

काठमाडौँ, ६ चैत (रासस) ।
त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले स्थगन भएका क्याम्पसमा यही चैत १२ गतेभित्र स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन गर्न निर्देशन दिएको छ ।
त्रिविका उपकुलपति प्रा डा धर्मकान्त बास्कोटाले चैत १२ गतेदेखि परीक्षा सञ्चालन हुन भएकाले सोभन्दा अगाडि नै रोकिएका क्याम्पसमा स्ववियु निर्वाचन गर्न निर्देशन दिनुभएको हो । उहाँले रोकिएका क्याम्पसमा आपसी सहमति गरी निर्वाचन प्रक्रिया अगाडि बढाउन आग्रह गर्नुभएको छ ।
“स्थगन भएका क्याम्पस/कलेजमा पनि आगामी चैत १२ गतेदेखि सञ्चालन हुन गइरहेको परीक्षालाई मध्यनजर गरी सोअगावै आपसी समझदारी कायम गर्दै कसैको हारजित नसम्झी विद्यार्थी युनियनको जितलाई केन्द्रबिन्दुमा राखी स्थगन भएका निर्वाचन प्रक्रियालाई सम्पन्न गर्न सबै क्याम्पस, राजनीतिक दल, विद्यार्थी सङ्गठन, स्थानीय प्रशासनलाई अनुरोध गर्दछु”, उहाँद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।
उहाँले केही क्याम्पसमा विद्यार्थी सङ्गठनको सामान्य विवादका कारणले मतदान स्थगन गर्नु परे तापनि अधिकांश क्याम्पसमा शान्तिपूर्णरुपमा सम्पन्न भएको बताउनुभएको छ ।
आइतबार चैत ५ गतेदेशभरि नै त्रिविका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा १४ वर्षपछि भएको स्ववियु निर्वाचन भएको थियो । ६२ आङ्गिक क्याम्पसमध्ये १३ क्याम्पसमा निर्वाचन प्रक्रिया रोकिएको छ ।
उपत्यकामा त्रिचन्द्र आरआर क्याम्पस, अमृत साइन्स क्याम्पस, पाटन संयुक्त क्याम्पस, नेपाल कमर्श क्याम्पस र विश्वभाषा क्याम्पसमा निर्वाचन प्रक्रिया अवरुद्ध छ ।
यस्तै सबभन्दा धेरै विद्यार्थी भएको पोखराको पृथ्वीनारायण क्याम्पस, पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पस, पोखरा वन क्याम्पस, पोखरा नर्सिङ क्याम्पस, ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्ज, वीरेन्द्र बहुमुखी क्याम्पस चितवन, धौलागिरि बहुमुखी क्याम्पस बागलुङ र सिद्धनाथ साइन्स बहुमुखी क्याम्पस पनि निर्वाचन प्रक्रिया रोकिएको छ ।

# आगोमा जलेर ९ वर्षिया बालिका गम्भिर घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**
राजबिराज नगरपालिका ९ बिहारपुरकी एक ९ वर्षिया बालिका आगोमा जलेर गम्भिर घाइते भएकी छिन् ।
प्रहरीका अनुसार स्थानिय मो. हेदरकी ९ वर्षिय छोरी फर्दिना खातुन बाखा चराउन गएको बेला गँहु पोलेर खान लाग्दा अचानक कपडामा आगो सल्कदा घाइते भएकी हुन् । उनको छाति भन्दा मुनिको भाग चालिस प्रतिशत जलेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।
घाइते पश्चात् उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचारका लागि लगिए पनि थपउपचारका लागी बिराटनगर रेफर गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# फागुनमा ६१ हजारले लिए श्रम स्वीकृति

काठमाडौँ, ६ चैत (रासस) ।
सरकारले बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गरी स्वदेशमै रोजगारीको अवसर उपलब्ध गराउने जनाएपनि गत फागुन महिनामा वैदेशिक रोजगारीमा जानका लागि ६१ हजार बढीले श्रम स्वीकृति लिएका छन् । फागुनमा नयाँ श्रम स्वीकृति, पुनःश्रम स्वीकृति र व्यक्तिगत गरी ६१ हजार आठ सय ४५ ले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्याङ्कमा उल्लेख छ ।
फागुनमा सबैभन्दा बढी मलेसियाका लागि १९ हजार आठ सय २४ ले श्रम स्वीकृति लिएका छन् । कतारका लागि ११ हजार तीन सय तीन, संयुक्त अरब इमिरेट्सका लागि नौ हजार सात सय ९५, साउदी अरेबियाका लागि नौ हजार पाँच सय तीन, कुवेतका लागि दुई हजार चार सय ६२, दक्षिण कोरियाका लागि दुई हजार दुई सय २७ र रोमानियका लागि एक हजार ७० जनाले श्रम स्वीकृति लिएका वैदेशिक रोजगार विभागले जनाएको छ ।
वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेमा अदक्ष कामदारको सङ्ख्या उल्लेख्य रहेको छ । फागुनमा १३ हजार पाँच सय ८० अदक्ष कामदारले श्रम स्वीकृति लिएका छन् । ४२ हजार सात सय १८ दक्ष, पाँच हजार चार सय ४९ अर्धदक्ष, ६८ व्यावसायिक र ३० उच्च दक्ष श्रमिकले श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्ने की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

गर्मी याममा,
➢ झाडापखाला, बान्ता, आउँ, जण्डिस, टाईफाइडलगायत रोगको जोखिम बढी हुन्छ।
➢ लामखुट्टे, झिंगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।
त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np